# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १६ गते २०३८ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको बुटवल नगर विकास समिति गठन गरेको छ ।

समितिको गठनः–

| | | |
|---|---|---|
| १. | अञ्चलाधीश, लुम्बिनी अञ्चल– | अध्यक्ष |
| २. | सभापति, जिल्ला पञ्चायत, रूपन्देही– | सदस्य |
| ३. | प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, रूपन्देही– | सदस्य |
| ४. | प्रतिनिधि, आवास, भवन तथा भौतिक परियोजना विभाग– | सदस्य |
| ५. | इन्जिनीयर, सार्वजनिक निर्माण शाखा, रूपन्देही– | सदस्य |
| ६. | पञ्चायत, वर्गीय संगठन तथा सामाजिक क्षेत्रमा योगदान भएका व्यक्तिहरूमध्येबाट समितिको अध्यक्षले मनोनीत गरेको बढीमा ५ जना– | सदस्य |
| ७. | प्रधानपञ्च, बुटवल नगर पञ्चायत– | सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२८

समितिको काम, कर्तव्य र अधिकारः–

१. नगर विकास समिति ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी स्वीकृत गुरु योजना कार्यान्वयन गर्ने ।

२. स्वीकृत गुरु योजनामा कुनै परिवर्तन वा हेरफेर गर्नु परेमा आवास, भवन तथा भौतिक परियोजना विभागमार्फत श्री ५ को सरकारको स्वीकृति लिएर मात्र गर्ने ।

३. गुरु योजना अनुसार विशेष नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड आवास, भवन तथा भौतिक परियोजना विभागको सहयोगमा निर्धारण गरी कार्यान्वयन गर्ने ।

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६३८